१२६०

हरिनास गाउँपालिकाको २३ औं बैठक

मितिः- २०८१/१०/२७

समयः-११:३० बजे

स्थानः- हरिनास गाउँपालिकाको बैठक कक्ष

आज मिति २०८१/१०/२७ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिम नारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्मनानुसार गाउँकार्यपालका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरू गरियो।

तपसिलः

| पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | Indra |
| श्री इन्द्र बहादुर गुरूङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं.२ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं. ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं. ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं. ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं. ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं. ७ | भरत थापा |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | Buddhi |

| | | |
|---|---|---|
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपाली | कार्यपालिका सदस्य | |
| श्री शिव कुमार पौडेल | सदस्य-सचिव(प्रमुख प्रशासकिय अधिकृत) | |
| श्री आमन्त्रित उपस्थिति | | |
| श्री नोल वहादुर थापा | प्रशासन प्रमुख | |
| श्री कृष्ण प्रासद पौडेल | लेखापाल | |
| श्री पुष्पा कुमारी बस्नेत | प्रशासन सहायक पाँचौ | |
| श्री पर्शुराम सिग्देल | अध्यक्ष ज्यूको स्वकिय सचिव | |

मिति २०८१/१०/२७

## २३ औं कार्यपालिका बैठकका प्रस्तावहरू

प्रस्ताव नं १. विगतको वैठकको समीक्षा सम्बन्धमा।
प्रस्ताव नं २. भूमि परिषदको बैठक सम्बन्धमा।
प्रस्ताव नं ३. केन्द्रीय विद्युत प्रसारण लाईन जोडिदिने सम्बन्धमा।
प्रस्ताव नं ४. पोषण कार्यक्रमको भ्रमण जाने सम्बन्धमा।
प्रस्ताव नं ५. हरिनास ५ नं. वडा कार्यालयको भवन क्षेत्र पहिरो संरक्षण सम्बन्धमा।
प्रस्ताव नं ६. पालिका भवन वरिपरिको बगैचा गोडमेल तथा मल राख्ने सम्बन्धमा।
प्रस्ताव नं ७. चुलीडाँडा लिफ्टिङ खानेपानी आयोजना सम्बन्धमा।
प्रस्ताव नं ८. अध्यक्ष कप खेलकुद सञ्चालन सम्बन्धमा।
प्रस्ताव नं ९. संघीय समपुरक र विशेष अनुदानको योजना माग गर्ने सम्बन्धमा।
प्रस्ताव नं १०. कृषि कार्यक्रमको लाभग्राही छनौट सम्बन्धमा।
प्रस्ताव नं ११. किसान सूचीकरण कार्यक्रमको खर्च व्यवस्थापन सम्बन्धमा।
प्रस्ताव नं १३. हरिनास जङ्गलमा शिव मन्दिरको लागि मूर्ति खरिद प्रक्रिया सम्बन्धमा।
प्रस्ताव नं १४. विविध

## २३ औं कार्यपालिका बैठकका निर्णयहरू

निर्णय नं १. विगतमा बसेको कार्यपालिका बैठकले गरेका निर्णय कार्यान्वयन भएको लाई निरन्तरता दिने र कार्यान्वयन नभएका निर्णयहरू कार्यान्वयनका लागि पहल गर्ने निर्णय गरियो।

निर्णय नं २. मिति २०८१/११/०९ गते भूमि परिषदको बैठक बस्ने निर्णय गरियो।

निर्णय नं ३. वडा नं १, २, ३ मा सञ्चालित केन्द्रिय विद्युत प्रसारण लाइनको कार्य जतिसक्दो छिटो सम्पन्न गर्न पहल गर्ने निर्णय गरियो।

निर्णय नं ४. यस हरिनास गाउँपालिकाका जनप्रतिनिधी र कर्मचारी पोषण कार्यक्रम अन्तर्गत अन्तरपालिका भ्रमण तथा अनुगमन जाने निर्णय गरियो।

निर्णय नं ५. हरिनास गाउँपालिका ५ नं वडा कार्यालयको भवन क्षेत्रमा पहिरो संक्षण गर्ने सम्बन्धमा बजेट अभाव भएको हुँदा अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो।

निर्णय नं ६. विविध शिर्षकबाट व्यवस्थापन गर्ने गरि प्रत्यक सुक्रबार हरिनास गाउँकार्यपालिका भवन वरिपरि रहेको बगैचा गोडमेल तथा मल राख्ने निर्णय गरियो।

निर्णय नं ७. चुलिडाँडा लिफ्टिङ खानेपानी आयोजना रुग्ण अवस्थामा रहेकाले के- कति कारणले रूग्ण अवस्थामा पुग्न गएको हो, सोको लागि चुलिडाँडा लिफ्टिङ खानेपानी आयोजनाको ठेकेदारलाई कारण खुलाई दिनको लागि पत्राचार गर्ने निर्णय गरियो।

निर्णय नं ८. आ. व . २०८१/०८२ को चैत्र महिनामा अध्यक्ष कप खेलकुद सञ्चालन गर्ने सम्बन्धमा निर्णय गरियो।

निर्णय नं ९. संघीय समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत राष्ट्रिय योजना आयोग, सिंहदरबार काठमाडौंबाट आ. व. २०८२/०८३ मा सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको लागि प्रस्ताव आह्वान गर्ने सूचना अनुसार यस गाउँपालिका बाट तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम छनौट गरि पठाउने निर्णय गरियो।

क) संघीय समपुरक योजनाहरू

१. दग्दी कुलुङखोला बडर भञ्याङ किहुँ भिमाद जोड्ने सडक (खण्ड-५)

२. बुङ्गदी खोला स्ल्याब कल्भर्ट

३. हरिनास जंगल हुँदै बसनडाँडा मजुवा चापाकोट जोड्ने सडक

ख) संघीय विशेष योजनाहरू

१. पोषण विशेष कार्यक्रम क्रमागत

२. स्वास्थ्य इकाइ भवन वडा नं-२

निर्णय नं १०. आ.व. २०८१/०८२ मा कृषि विकास शाखाबाट सञ्चालन हुने कार्यक्रमहरुको सूचना प्रकाशन गरि माग संकलन गरिएकोमा, अनुदान उपलब्ध गराउने कार्यक्रमहरुको लाभग्राही छनौट गर्न कृषि विकास शाखाका प्राविधिकहरुले स्थलगत अनुगमन गर्ने र अनुगमनको प्रतिवेदनको आधारमा लाभग्राही छनौट गर्ने साथै कृषक क्षमता विकास कार्यक्रम सञ्चालनका लागि कृषि विकास शाखाले वडा कार्यालयहरुसँग समन्वय गरि तालिम सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं ११. आ. व. २०८१/०८२ मा कृषि शाखाको संघीय सशर्त अनुदान कार्यक्रम अन्तर्गत किसान सूचिकारण कार्यक्रमको खर्च व्यवस्थापन किसान सूचिकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ मा भएको व्यवस्था बमोजिम यस हरिनास गाउँपालिका वडा नं. ६ र ७ मा किसान सूचिकरण कार्यका लागि अभिमुखिकरण विवरण प्रमाणीकरण, गणक क्षमता विकास कार्यक्रम सञ्चालन गर्दा पदाधिकारी तथा कर्माचारीहरूलाई बैठक भत्ता वापत प्रति वैठक रू. १०००/, किसान सूचिकरण सम्पर्क व्यक्तिको लागि मासिक रू १०००/ र १० लि. पेट्रोल उपलब्ध गराउने र किसान सूचिकरण सहजकर्ताको लागि कृषकहरूको व्यक्तिगत विवरण प्रविष्ट गरेवापत प्रति घरधुरी रू १५० को दरले उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं १२. मिति २०८१/११/१४ गते महाशिवरात्रीको अवसरमा हरिनास जंगलमा शिव मन्दिरको लागि १६ औं गाउँसभाको निर्णानुसार आ.व. २०८१/०८२ को परम्परा एवं सस्कृति सरक्षण शिर्षकबाट रु ६०००००/ बजेट छुट्याउने निर्णय भएको र कोटेसन विधिबाट कार्यालयबाटै मूर्ति खरिद गरि उपभोक्तालाई उपलबध गराउने निर्णय गरियो।